**Shanti Journal**
ISSN 2961-1601 (Print) ISSN 2961-161X (Online)
Published by Bishwa Shanti Chiran-Milan Campus
*(A Multidisciplinary Peer Reviewed Journal)*

# मायालु हुम्ला नियात्रामा ध्वनिसौन्दर्य

ज्ञानु ढुङ्गेल, उप-प्राध्यापक, रत्नराज्य क्याम्पस, त्रि.वि.

**Article History: Received:** 18 May 2022; **Revised:** 30 May 2022; **Accepted:** 05 June 2022

## सार

*प्रस्तुत लेखमा दामोदर पुडासैनी किशोरद्वारा रचित "मायालु हुम्ला" नियात्रामा ध्वनिसौन्दर्यको खोजी गरिएको छ । साहित्यमा भनाइको तरिका र प्रभावकारितालाई मुख्य आधार मान्ने घुमाउरो कथनपद्धतिलाई ध्वनि भनिन्छ । सोझो भनाइभन्दा परोक्ष कलात्मक अभिव्यक्तिबाट प्रकट हुने सौन्दर्य नै ध्वनि हो । नियात्राकार पुडासैनीको खारिएको प्रौढ लेखनीबाट सृजित "मायालु हुम्ला" नियात्रामा ध्वनिसौन्दर्य प्रशस्त मात्रामा पाउन सकिन्छ। विषयवस्तुलाई सोझो सादृश्यरूपमा प्रकट नगरी प्रतीकात्मक रूपमा पस्कने कलात्मक शैलीको प्रयोग भएको प्रस्तुत नियात्रामा धेरै ध्वनिसौन्दर्यहरू रहेका छन् । ध्वनिका उपकरणहरूका आधारमा विश्लेषण गर्दा प्रस्तुत नियात्रा ध्वनिसौन्दर्यका दृष्टिबाट प्रतिनिधिमूलक रचना मान्न सकिन्छ। यस लेखको अध्ययनको निष्कर्षका रूपमा भन्दा "मायालु हुम्ला" नियात्रा उत्कृष्ट ध्वनिकाव्य वा उत्तम काव्यका रूपमा रहेका छ । यस लेखमा पुस्तकालयकार्यबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ भने ध्वनिसिद्धान्तको अभिधामूला र लक्षणामूला भेदलाई ध्वनि विश्लेषणको विधि बनाइएको छ ।*

**शब्दकुञ्जिका :** *अभिधा, अभिव्यञ्जित, ध्वन्यार्थ, ध्वनिसौन्दर्य, भावतरङ्ग, लक्षणा, व्यङ्ग्यार्थ, व्यञ्जना, शास्त्रार्थ,*

## विषय परिचय

*"मायालु हुम्ला"* नियात्राका लेखक वरिष्ठ साहित्यकार दामोदर पुडासैनी (वि.सं.२०१९) हुन् । किशोर उपनाम थपेर साहित्यिक रचना गर्ने पुडासैनी २०३१ सालमा 'शहीद' कविता लेखेर साहित्य क्षेत्रमा प्रवेश गरी हाल नियात्रा विधामा स्थापित साहित्यकारका रूपमा चिनिन्छन् । उनका पर्खालभित्रको राजधानी, सीमानाका रङ्ग : सीमानाका तरङ्ग, मायालु हुम्ला, नमेटिएका चित्रहरू, यात्राका प्रेमिल तरङ्गहरू, समयको सहीछाप, पहाड र प्रेम जस्ता सत्रओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । सरकारी जागिरका सिलसिलामा नेपालका प्रायः सबै जिल्लाको भ्रमण गरी नेपालको भौगोलिक अवस्थिति र आन्तरिक सौन्दर्यको सूक्ष्म अवलोकन गरिसकेका किशोरले एसियाका विभिन्न मुलुकका साथै युरोप, अमेरिका र

अफ्रिकाका कतिपय देशको यात्रा अनुभव सँगालेका छन् । भ्रमण गरिएका ठाउँको सूक्ष्म अवलोकन गर्दा मनमा उत्पन्न भावतरङ्गको अङ्कन गर्ने भएकाले किशोरका यात्रासाहित्यहरू स्थलगत बाह्यविवरणभन्दा माथि उठेका छन् । आफ्ना यात्राका अनुभव र अनुभूतिको प्रस्तुतीकरण गर्ने सन्दर्भमा स्थानीय रहनसहन, भेषभूषा, जीवनशैली, भौगोलिक अवस्थिति एवम् तत्स्थानका मानिसका मानसिकता र जीवनप्रतिको दृष्टिकोणको जीवन्त चित्र प्रस्तुत गर्ने भएकाले उनका नियात्राहरू लेखकका लागि यो र यस्तो ठाउँ भ्रमण गरेँ भन्ने देखाउने र पाठकका लागि समय बिताउने मनोरञ्जनका सस्ता साधनमात्र नभएर अध्येताहरूका लागि ज्ञानका भण्डार र जीवनदर्शनका अमूल्य ग्रन्थ पनि मानिन्छन् ।

मायालु हुम्ला (२०७१) नियात्रा सङ्ग्रहमा सङ्कलित "मायालु हुम्ला'' नियात्रा हुम्ला जिल्लाको भ्रमणका अवसरमा अनुभूत गरिएका विषयसन्दर्भलाई समेटेर तयार पारिएको रचना हो । यसमा हुम्लाको भौगोलिक अवस्था , काठमाडौँले हुम्लालाई हेर्ने दृष्टिकोण र हुम्लाको वास्तविक यथार्थको सकारात्मक प्रस्तुति गरिएको छ । हुम्लाको वर्णन सामान्य र सिधा तरिकाले नगरेर व्यञ्जनात्मक रूपमा गरिएकाले यो रचना ध्वनिसौन्दर्यका दृष्टिले उत्कृष्ट रहेको छ ।

## सैद्धान्तिक पर्याधार

पूर्वीय साहित्य समालोचना परम्परामा ध्वनिसिद्धान्त सबैभन्दा महत्त्वपूर्ण काव्य समालोचनाको आधार मानिन्छ। ध्वनिसिद्धान्तले व्यञ्जना शब्दशक्तिबाट अभिव्यञ्जित हुने विशिष्ट अर्थलाई ध्वनि मानेको छ। वाच्यार्थ र लक्ष्यार्थभन्दा व्यङ्ग्यार्थ प्रबल र चमत्कारी हुने अवस्था नै ध्वनि हो। वाच्यार्थ /अभिधेयार्थ शब्दार्थको ज्ञान भएको सामान्य पाठकले पनि बुझ्न सक्छ भने ध्वन्यार्थचाहिँ काव्य मर्मज्ञ सहृदयी रसिकले मात्र बुझ्न सक्दछ । यसबाट काव्य वा साहित्यमा ध्वनिको महत्ता थाहा पाउन सकिन्छ ।

ध्वनि सिद्धान्तका प्रवर्तक आचार्य आनन्दवर्धन हुन् । उनीभन्दा पूर्ववर्ती आचार्यहरूले पनि ध्वनि शब्दको प्रयोग गरेको इतिहासको चर्चा स्वयं आनन्दवर्धनले गरे पनि ध्वनिसिद्धान्तलाई काव्यसमालोचनाका क्षेत्रमा स्थापित गराउने श्रेय भने उनैलाई जान्छ । उनले ध्वनिलाई यसरी चिनाएका छन् – "जहाँ शब्द र अर्थले आफ्नो अर्थलाई छोडेर कुनै अर्कै विशिष्ट काव्यविशेष अर्थ अभिव्यक्त गर्छन् भने त्यस प्रतीयमान अर्थलाई ध्वनि भनिन्छ''(आनन्दवर्धन, २०६२, पृ. ३७) । त्यसै गरी "ध्वनि काव्यको सामान्य भाषागत शब्द, अर्थ, गुण, अलङ्कार आदि बाह्य तत्त्वभन्दा बेग्लै किसिमको कुनै अन्तर सर्वाङ्गव्यापी सार तत्त्व हो जसले काव्यको जातीय विशिष्टता स्पष्ट पार्छ'' (बराल, २०५५, पृ. ३४२) । संस्कृत काव्यशास्त्रमा सुन्दरीका नाक,मुख आदि अङ्गका अतिरिक्त भिन्नै रूपमा प्रतीत हुने सौन्दर्य भावजस्तै शब्दार्थ र अन्य अलङ्कार, गुण आदि सौन्दर्य उपकरणभन्दा भिन्न भित्री प्रतीयमान अर्थलाई ध्वनि भनिन्छ । ध्वनि भावमूलक भएकाले वक्ता, श्रोता र सन्दर्भले अर्थमा फरक पर्न सक्छ तर कोश र व्याकरणका नियमले नियन्त्रण गर्न नसकिने हुन्छ। यो पाठक वा सहृदयको अनुभूति र अभिप्रायमा निर्भर रहन्छ। काव्यबाट अभिव्यक्त हुने प्रतीयमान विशेष अर्थलाई ध्वनि भनिन्छ, यो कहिले वाच्यार्थको विधिरूपमा प्रकट हुन्छ भने कहिले निषेधरूपमा प्रकट हुन्छ ।

साहित्यमा ध्वनिको अवस्थिति कतै अभिधामा आश्रित हुन्छ भने कतै लक्षणामा आश्रित हुन्छ । यस आधारमा ध्वनिलाई अभिधामूला र लक्षणामूला गरी दुई खण्डमा विभाजन गरिएको छ । यी दुवै

अवस्थामा व्यञ्जना शब्दशक्ति अनिवार्य मानिन्छ। संस्कृत काव्यसमालोचनामा ध्वनि प्रतीत हुने काव्यलाई उत्तम काव्य मानिन्छ। यस लेखमा साहित्य विश्लेषणको यही ध्वनिसिद्धान्तका आधारमा "मायालु हुम्ला" नियात्राको विश्लेषण गरिएको छ।

## "मायालु हुम्ला" नियात्रामा अभिव्यञ्जित ध्वनिसौन्दर्यको विश्लेषण

"मायालु हुम्ला" नियात्रा हुम्लाको सेरोफेरो समेटेर लेखिएको भावना प्रधान नियात्रा हो। यसमा हुम्लाको भूबनोटको चित्रण भए पनि अरूले प्रचार गरेजस्तो विकट र दुर्गम पक्षलाई बढी महत्व दिएर हूम्लालाई हेप्ने र होच्याउने भन्दा त्यही दुर्गमता र विकटताभित्रको उर्वरता र सौन्दर्य पक्षको उद्‌घाटन गर्न ध्वनितत्त्वको उपयोग गरिएको छ। नियात्राकारले हुम्लाप्रतिको आफ्नो लगाब र हुम्ली जनताले प्रदर्शन गरेको आत्मीय भावको अभिव्यञ्जनाका लागि भनाइलाई केही घुमाउरो वा व्यञ्जनात्मक बनाएका छन्। हुम्लालाई मानवीकरण गरेर मायालु प्रेमिकाका रूपमा प्रस्तुत गर्ने सन्दर्भमा ध्वनिको प्रशस्त प्रयोग गरिएको छ। केही प्रतिनिधि साक्ष्यका आधारमा ध्वनिसौन्दर्यको खोजी तल गरिएको छ।

## शीर्षकबाट अभिव्यञ्जित ध्वनिसौन्दर्य

मायालु हुम्ला नियात्राको शीर्षकबाट पनि ध्वनिसौन्दर्य निश्रित भएको छ। हुम्ला निश्चित प्रशासनिक कार्य सम्पादनको प्रयोजनका लागि छुट्याइएको भौगोलिक क्षेत्र हो। हुम्लाका लागि प्रयोग भएको मायालु विशेषणबाट ध्वनिको अभिव्यक्ति भएको छ। मानव प्रेमी र प्रेमिकाले एक अर्कालाई सम्बोधन गर्ने मायालु शब्द निर्जीव भूगोलका लागि प्रयोग भएको छ। सामान्य दृष्टिमा मानव र भूगोलका बिचमा माया प्रेम नहुने भएकाले यसको वाच्यार्थ बाधित भएको छ। व्यञ्जनाका तहमा भने यसको आशय व्यापकरूपमा अर्थिन जान्छ। हुम्लाको प्राकृतिक सौन्दर्यले मनमा पारेको प्रभाव, त्यहाँ विद्यमान् प्रयोगमा आउन नसकेर खेर गइरहेका जल, जमिन र जडीबुटीको सदुपयोगबाट समृद्धि ल्याउन सकिने सम्भावना देखेर त्यसप्रति बढेको आकर्षण र हुम्ला बसाइका क्रममा हुम्लेली जनताले देखाएको अगाध प्रेम, वात्सल्य र आत्मीय भावका कारण हुम्ला मायालु जस्तै प्रिय र स्नेही छ भन्ने ध्वनि अभिव्यञ्जित भएको छ। अर्कातर्फ आफ्नी मायालु पारूजस्तै प्रेम, प्रकाश र प्रेरणा प्रदान गर्न सक्ने अद्‌भूत क्षमता र कला भएकाले हुम्ला वास्तवमा मायालु छ भन्ने प्रतीकात्मक आशय प्रकट भएकाले शीर्षकबाट पनि ध्वनिसौन्दर्य अभिव्यञ्जित भएको छ। यस नियात्राको शीर्षकका तहबाट नै ध्वनिसौन्दर्यको प्रकटीकरण हुन प्रारम्भ भएको छ।

## साक्ष्य १

"कैयौँ दिन भइसक्यो तिम्रो काखमा रमाएको। फर्कने दिन सम्झेपछि बादल छायो। मनमा छुट्ने बेलाको स्पर्श अझ गाढा र मायालु बनोस्।"(पुडासैनी, २०७१, पृ.१८३ )

प्रस्तुत साक्ष्य एकमा अभिव्यक्त भनाइमा वाच्यार्थ बाधित भएको छ। हुम्ला भूगोल भएकाले यसको मान्छेको जस्तो काख हुनु असम्भव छ। हुम्लाको काख नभएकाले काखमा रमाउने कुरा व्यवहारिकरूपमा असान्दर्भिक हुन्छ। अभिधा शक्तिबाट प्रस्तुत कथनको आशय स्पष्ट नभएकाले यहाँ व्यञ्जना शब्दशक्ति सक्रिय भएको छ। व्यञ्जना शक्तिजन्य अर्थअनुसार हुम्लाबासी जनताका सान्निध्यमा

रमाइलो अनुभव भएको भन्ने ध्वन्यार्थ अभिव्यञ्जित भएको छ । अर्थात् आमाको काखमा एउटा बालक जसरी निर्धक्क रमाउन सक्छ त्यसरी नै हुम्ली जनताका साथमा माया, प्रेम र आत्मीय भावना प्राप्त गरेको व्यङ्ग्यार्थ ध्वनित भएको छ । यसरी नै घर फर्कने दिन सम्भिmदा बादल छाउने वाक्यको अभिधेयार्थ बाधित भएको छ । प्राकृतिक र वैज्ञानिक रूपले मान्छे फर्किने कुरा सम्भिmदा बादल छाउने कुरा सम्भव छैन । वाच्यार्थमा बाधा उत्पन्न भए पछि ध्वन्यार्थप्रकट भएको छ । हुम्लालाई छोड्नु पर्दा वा हुम्लाबासीसँग छुट्टिनु पर्दा नरमाइलो अनुभव भयो भन्ने देखाउन मनमा बादल छायो भनी घुमाउरो अभिव्यक्ति दिइएको छ । यसबाट छुटिने समयमा हुम्लामा प्राप्त गरेको आत्मीयताले मनमा नरमाइलो अनुभव भएकाले प्रशन्न हुन नसकेको विचार अभिव्यञ्जित भएको छ । अर्को वाक्यमा आएको छुट्ने बेलामा हुम्लाले गर्ने स्पर्श अझ गाढा र मायालु बनोस् भन्ने अभिव्यक्तिमा पनि मुख्यार्थ बाधित भएको छ । हुम्लाले स्पर्श गर्न नसक्ने र स्पर्श नै नभएपछि त्यो गाढा पनि नहुने र मायालु पनि नहुने भएकाले यस कथनको अर्थ शाब्दिक रूपमा असङ्गत देखिन्छ ।उपर्युक्त कथनको वास्तविक आशय व्यञ्जनाका तहमा मात्र स्पष्ट हुन सक्छ । हुम्लाबासीले प्रदर्शन गरेको आत्मीय भावनाले मनमा जुन प्रकारको मायालुपन विकसित गराएको छ त्यो अझ गाढा बनेर कहिल्यै नमेटिने र भुल्न नसकिने बनोस् भन्ने ध्वन्यार्थ प्रकट भएको छ । यसरी माथिका वाक्यमार्फत् हुम्लामा धेरै दिन बस्दा पनि दिक्क नलागेको उल्टो हुम्लालाई छोडेर हिड्नु पर्दा मनमा खल्लो अनुभूति भएको र छुटिएर जानुपरे पनि हुम्लाबासीले दिएको मायाप्रेम जीवन्त बनेर अनन्त कालसम्म रहोस् भन्ने आशय अभिव्यञ्जित भएको छ । जागिरका सिलसिलामा सरूवा भएर हुम्ला जानु पर्दा बेचैन हुने, हुम्ला पुगेपछि तुरून्त फर्कन खोज्ने, फर्कन नपाए सदरमुकामबाट अन्यत्र जान नचाहने सरकारी कर्मचारी मानसिकता भन्दा भिन्न एउटा असहाय शिशुले आमाबाट अलग हुँदा अनुभव गर्ने छटपटीको अभिव्यक्तिले हुम्ला वास्तवमा मायालु छ भन्ने ध्वनित भएको छ ।

**साक्ष्य २**

"बरगाउँबाट हेर्दा मान्छेको जाँगर गजक्क फुलेझैँ लाग्दै छ सिमकोटतिर टाँसिएका घरहरूमा । ...........सुनसान पहाडको बीचमा ब्युँझिरहेछ गाउँ'' (पुडासैनी, २०७१, पृ.१८३ )

प्रस्तुत साक्ष्यमा आएको जाँगर कुनै रूख, बोटबिरूवा जस्तो फुल्ने र फल्ने जातको वनस्पति नभएकाले जाँगर गजक्क फुल्ने कुरा व्याहारिक रूपमा अप्रामाणिक हुनाले उक्त पदावलीको मुख्यार्थ बाधित भएको छ । यस भनाइको आशय सिमकोटका मानिसहरूले लगाएका अन्नबाली र फलफूलहरू बारीभरि फलेका र फुलेका छन् भन्ने रहेको छ । हिमाली जिल्ला हुम्लामा किसानहरुको जाँगर परिश्रमले गर्दा त्यहाँका बारी र फाँटहरू अन्नबालीले लटरम्म भरिएका छन् । बारीमा फुलेका अन्न र फलफूलमात्र नभएर स्थानीय जनताको जाँगर पनि फुलेको हो । विकट हिमाली जिल्लामा त्यसरी बारी र खेतका पाटाहरूमा अन्न सागपात गजक्क परेर फुल्नु किसानको परिश्रमको महत्त्वपूर्ण योगदान रहेको छ भन्ने ध्वन्यार्थ प्रकट भएको छ । सुनसान पहाडका बिचमा गाउँ ब्युँझिरहेछ भन्ने कथनमा पनि मुख्यार्थ बाधित भएको छ । गाउँ निर्जीव सामग्रीबाट निर्मित घरहरूको पुञ्ज भएकाले सजीव प्राणीको जस्तो सुत्ने, निदाउने र ब्युँझने क्रियाकलाप हुन सम्भव देखिँदैन । वाच्यार्थबाट भनाइको आशय स्पष्ट नभएपछि लक्ष्यार्थमा गाउँबासी भन्ने अर्थ बुझिन्छ । लेखकले गाउँ बयुँझिएको देखेको समय दिउँसो भएकाले यस भनाइको मर्मबोध ध्वनिका तहमा मात्र हुन गएको छ । यहाँ गाउँ ब्युँझिनुको तात्पर्य निद्राबाट जाग्नुभन्दा पनि सचेत हुनु

भन्ने ध्वनित हुन्छ । सिमकोट अज्ञानता, अशिक्षा, गतिहीनता, अन्धविश्वास जस्ता पछौटेपनका निद्राबाट जागिसकेको र उन्नति र प्रगतिको सचेत यात्रामा अगाडि बढेको व्यङ्ग्यार्थ अभिव्यञ्जित भएको छ । सिमकोटबासी जनता परिश्रमी स्वभावका कारण अन्न र फलफूलमा आत्मनिर्भर बनिसकेका र सामाजिक अन्धविश्वास र अशिक्षाबाट चेतनाको माथिल्लो स्तरमा आइपुगेका छन् । हुम्ला उर्वरता र जागरणका दृष्टिले अरूले सोचेजस्तो पछाडि परेको नभएर आफूलाई पूर्णरूपमा परिवर्तन गरिसकेको सुन्दर जिल्लाका रूपमा विकसित भइसकेको विचार अभिव्यक्त भएको छ ।

**साक्ष्य ३**

"खान लाउन पाए पो हुन्छ सुख शान्ति । सबैभन्दा ठुलो भोकको तुष्टि नै हो । .....झुटो बोल्नेहरू बढिरहेछन्, ठगहरूको बिगबिगी छ, सोझासाझा हेपिएका छन्, एक्लो बुद्धले के मात्र गरोस् बिचरा ! ...गेरू वस्त्र लगाउँदैमा कहाँ मिल्छ र शान्ति गाउँ गाउँमा । ... आइते दाइका विचारहरू कक्षामा पढाइरहेको प्राध्यापकका जसरी ओर्लन्छन् ।" (पुडासैनी, २०७१, पृ.१८४-१८५ )

प्रस्तुत साक्ष्यमा आइते दाइ जीवन दर्शनलाई प्रस्तुत गरिएको छ । माथिका भनाइबाट भोको र नाङ्गोपन नै अशान्तिको मूल कारण हो । भोकको तुष्टि नै जीवनको ठुलो उपलब्धि हो । समाजमा बढेको विकृति र विसङ्गति नियन्त्रण गर्न स्वयं भगवान् गौतम बुद्ध पनि असमर्थ भइसके भनेर सोझासाझा जनताको दुर्दशा भएको पीडालाई ध्वनिका माध्यमबाट मार्मिक रूपमा प्रस्तुत गरिएको छ । शान्तिको कामना गरेर गेरू वस्त्र लगाई हिड्ने बुद्धका वर्तमान अनुयायीप्रति लक्ष्य गर्दै बाह्य पहिरन र बुद्धत्वको नक्कलले गाउँमा शान्ति नआउने विचार अभिव्यक्त भएको छ। प्रस्तुत साक्ष्यमा आइते दाइका विचार ओर्लने प्रसङ्गले ध्वन्यात्मक अभिव्यक्ति तिख्खर बनेको छ । आइते दाइका माथिका विचारहरू विश्वविद्यालयका कक्षा कोठामा प्रकाण्ड विद्वान् प्राध्यापकले आफ्ना मेधावी विद्यार्थीहरूलाई दिएको व्याख्यानभन्दा कम छैनन् । मानव जीवनलाई आवश्यक पर्ने गाँस, बास र कपासको परिपूर्ति नभइन्जेलसम्म अथवा भोकको तुष्टि नहुन्जेल शान्तिको कामना गर्नु बेकार छ । सामाजिकरूपमा व्यापक बनेको अन्याय, अत्याचार, भेदभाव, थिचोमिचो र ठग प्रवृत्तिको अन्त्य नभए गेरूवस्त्र लगाएर बुद्धको भेषमा जतिसुकै घुमे पनि समाजमा शान्ति स्थापना गर्न सकिँदैन । आइते दाइका उपर्युक्त भनाइ वा विचारहरू कुनै धर्म ग्रन्थ वा दर्शन शास्त्रको निरन्तरको अभ्यास र साधनाबाट आर्जन गरेको कोरा किताबी ज्ञान होइन । यी त समस्या, अन्याय र अभावका दीर्घ जीवनका भोगाइबाट सञ्चित अनुभवका अमूल्य रत्न हुन् । आइते दाइका जीवनदर्शनसम्बन्धी विचार हिमालबाट पग्लिएको हिउँ नदी बनी समथर भूमितिर सलल बगेजस्तै उनका हृदयबाट अनायास निस्किएका वास्तविकता हुन् । घरका छाना, लिङ्गा र रूखका हाँगामा झुन्ड्याइएका मन्त्र अङ्कित ध्वजापताका र भिक्षुभेषका कपडाहरूले मात्र समाजमा शान्ति नआउने यथार्थ आइते दाइका तितो अनुभवबाट प्रस्तुत भएको छ । यसकारण हुम्लाबासीले दैनिक भोगेका समस्याका थुप्राबाट निस्रित ज्ञानगङ्गा विश्वविद्यालयका प्राध्यापकको भन्दा कमजोर र निम्नतहको छैन । राजर्षि जनकका राजसभामा शास्त्रार्थ गर्न विभिन्न राज्यबाट आएका शास्त्रनिपुण विद्वान्का जीवनजगत्सम्बन्धी प्रामाणिक चिन्तनभन्दा आइते दाइका चिन्तनमा व्यावहारिक सत्यता रहेको वस्तुता पनि माथिका कथनबाट ध्वनित भएको छ ।

**साक्ष्य ४**

"हुम्लालाई गँवार ठानेर हेप्नेहरूलाई गद्दार ठान्छु म । हुम्लालाई ग्वाङ्ग्रो ठानेर ग्रहण लगाउन खोज्नेहरूघर पोलेर खरानीको जोहो गर्नेहरू हुन् भन्छु म ।" (पुडासैनी, २०७१, पृ.१८५ )

प्रस्तुत साक्ष्यमा प्रयोग भएका गँवार र ग्वाङ्ग्रो विशेषण मान्छेका लागि प्रयोग गरिने भएकाले हुम्ला गँवार वा बुद्धिमान् अथवा ग्वाङ्ग्रो वा चलाख हुन नसक्ने भएका उपर्यक्त विशेषण हुम्लाका लागि उपयुक्त छैनन्। यसबाट हुम्लाको लक्ष्यार्थ हुम्लाबासी हुन आउँछ । हुम्लाबासीलाई गँवार भन्नेहरू गद्दार हुन् । हुम्लाको प्राकृतिक सम्पन्नतालाई नदेख्ने, त्यहाँको परिश्रम र उब्जनीलाई नबुझ्ने, त्यहाँको बाध्यता र विवशतालाई आत्मसात गर्न नसक्ने र हुम्ला मेरै देशको महत्त्वपूर्ण भूभाग हो भन्ने थाहा नपाउने गद्दार हुन् । यसरी नै हुम्लाबासीलाई ग्वाङ्ग्रो भनेर हेप्नेहरूआफ्नै घरमा आगो लगाएर बेकामको खरानी भण्डारमा सुरक्षित गर्ने बुद्धिहीन हुन् । हुम्लाबासीको रहनसहन, जीवनपद्धति, प्राकृतिक सौन्दर्य, देशलाई समृद्ध पार्न सक्ने जल, जमिन र जडीबुटीजस्ता महत्त्वपूर्ण कुराको अवमूल्यन गर्ने सुगमका सभ्य भनाउँदाहरू प्रवृत्तिगत रूपमा गद्दार र चेतनाका हिसाबले अज्ञानी र मूर्ख हुन् । हुम्लाबासीहरू भैगोलिकरूपमा दुर्गम हिमाली भेगमा जन्मिए पनि व्यावहारिक ज्ञान, सामाजिक र मानवीय व्यवहार, कर्तव्यप्रतिको जागरूकता, स्वावलम्बन र सरल जीवन पद्धतिका दृष्टिले सहरिया सभ्य भनाउँदा पाखण्डीहरूभन्दा उच्च र मर्यादित छन् भन्ने ध्वनि अभिव्यञ्जित भएको छ । हुम्ला र हुम्लाबासीलाई पिछडिएका भनेर हेप्ने र उनीहरूको विशाल सम्भावनामाथि ग्रहण लगाउन खोज्ने अविवेकीहरूलाई नै गँवार र ग्वाङ्ग्रो सिद्ध गर्न प्रस्तुत अभिव्यक्तिमा ध्वनिको सहारा लिइएको छ । यसबाट हुम्लाबासीहरू भैगोलिक विकटता भोगे पनि व्यावहारिक ज्ञानमा निपुण र उच्च जीवनबोध भएका ज्ञानीमानी छन् भन्ने ध्वनि अभिव्यञ्जित भएको छ ।

**साक्ष्य ५**

"मलाई लाग्छ, नेपाल बोकेर अझ नौलो नेपाल बनाउन अत्तालिएको छ हुम्ला । उसको चिन्तनलाई देशको प्रशासनिक केन्द्रले नसुन्ने र नबुझ्ने हो भने आत्महत्या गर्न बाध्य हुनुपर्छ आगतका शासक र प्रशासकहरूले ।" (पुडासैनी, २०७१, पृ.१८८)

प्रस्तुत साक्ष्यमा हुम्लाले नेपाल बोक्ने, अझ नौलो नेपाल बनाउन अत्तालिने, हुम्लाको चिन्तन केन्द्रले नसुन्ने आदि कार्य मानवीय व्यवहार भएकाले वाच्यार्थमा अवरोध उत्पन्न भएको छ । लक्ष्यार्थमा हुम्लाबासी र केन्द्रमा बसेर शासनसत्ता चलाउने व्यक्ति भन्ने अर्थ लक्षित हुन्छ । यी दुवै अर्थले लेखकको आशयलाई पूर्ण अनुसरण गर्न नसकेकाले व्यञ्जना शक्तिका माध्यमबाट हुम्ला सिङ्गो देशको प्रतिनिधि हो, उसले नेपालको सामाजिक, आर्थिक, मानसिक र भौगोलिक अवस्थाको प्रतिनिधित्व गरेको छ, हुम्लाको समग्र अवस्था जस्तो छ देशको पनि त्यस्तै छ भन्ने व्यङ्ग्यार्थ व्यञ्जित भएको छ । हुम्लाबासीहरू मन र मुटुमा नेपाललाई बोकेर मात्र सन्तुष्ट छैनन्, नेपाललाई अझ उन्नत, समृद्ध र विकसित बनाई विश्वसामु आधुनिक नौलो नेपालका रूपमा चिनाउन हतारिएका छन् । वर्तमान नेपालको सामाजिक, आर्थिक, न्यायिक, प्रशासनिक, राजनीतिक आदि परिस्थिति सन्तोषजनक नभएकाले विश्वपरिवेशमा चिनाउन पूर्णरूपमा नवीन बनाउनु पर्ने छ । नेपाली समाजमा व्याप्त सामाजिक भेदभाव, जातिगत उचनिच, लैङ्गिक असमानता, क्षेत्रगत विभेद, आर्थिक चलखेल, नातावाद कृपावादको माखेजालो, विकास बजेटमा

पहुँचवालाको हालीमुहाली जस्ता असभ्य समाजका द्योतक र विकृतिका जडलाई निर्मूल पारेर सर्वसाधारण नागरिकको हकहितको संरक्षण, राज्यप्रदत्त सेवासुविधाको समान वितरण र उपभोग, मानव अधिकारको प्रत्याभूति, स्वास्थ्य, शिक्षा र रोजगारमा समान अवसर आदि सुनिश्चित भएको समावेशी, समुन्नत र समृद्ध नयाँ नेपाल निर्माण गर्न हुम्लाबासीहरू अत्यन्त हतारिएका छन् । उनीहरू पुरानो रूप र अवस्थामा रहिरहन नचाहने र त्यसका लागि आफैँ अग्रसर भएर परिवर्तनको संवाहक बन्न तयार छन् । उनीहरूको यो परिवर्तनकामी चिन्तन र भावनालाई अहिले राज्यको प्रशासनिक केन्द्रमा बसेका राजनीतिक व्यक्तिले नसुन्ने र नबुझ्ने हो भने हुम्लाबासीको जागरणको ज्वारभाटाका अगाडि भावी प्रशासकहरूले परिवर्तनका सामु आत्महत्या गर्नुपर्ने छ । यसबाट केन्द्रले ठान्दै आएको गँवार हुम्ला त्यस्तो नभएको र सिङ्गो देशलाई परिवर्तन गर्न सक्ने चेतना र विचार भएको जागरूक र सङ्घर्षशील छ । राजनीतिक रूपले केन्द्रबाट तिरस्कृत भए पनि समग्र नेपालको नेतृत्व गर्न सक्षम छ भन्ने ध्वन्यार्थ अभिव्यञ्जित भएको छ ।

**साक्ष्य ६**

"दुखहरू आफन्त हुन्, दुखका बलैँसीहरूबाट प्रेम, समृद्धि र सन्तोषका दिउल फुटाइरहेछ हुम्लाले ।" (पुडासैनी, २०७१, पृ.१९० )

प्रस्तुत साक्ष्यमा वर्णन गरिए जसरी दुःखहरू आफन्त हुने, दुखको बलैँसी हुने, फलफूल र अन्नका दिउल जसरी प्रेम, समृद्धि र सन्तोषका दिउल रोप्ने वाच्यका तहमा असम्भव भएकोले यी तिनओटै पदावलीको मुख्यार्थमा बाधा उत्पन्न भएको छ । यस कथनमा अभिधेय अर्थभन्दा व्यङ्ग्यार्थको प्रधानता रहेकाले ध्वनिसौन्दर्य प्रस्फुटन भएको छ । हुम्ला भौगोलिकरूपमा अत्यन्त विकट, राज्यका विकास योजनाबाट टाढा, स्वास्थ्य र शिक्षाका सुविधाबाट वञ्चित, यातायातका सञ्जालबाट पृथक, सञ्चार र प्रविधिबाट ओझेल परेकाले त्यहाँको जनजीवन कष्टकर र दुखमय छ । बर्सौंदेखि यस्तै दुखकष्टमा बाँच्न बाध्य पारिएकाले दुखसँग सम्झौता गरेर दैनिक जीवन निर्वाह गर्नुपर्ने विवशताले अब दुखहरू पनि आफन्त जस्तै परिचित भएका छन् । हुम्लाबासीहरू दुखमा जीवन निर्वाह गर्न अभ्यस्त भएकाले जस्तोसुकै दुखकष्टमा पनि हतास र विचलित हुँदैनन् । अझ दृढ भएर दुखका ब्याडमा प्रेम, समृद्धि र सन्तोषका बिउ रोपिरहेका छन् । दुखमा पनि आपसी प्रेम, सामाजिक सद्भाव, मेलमिलापमा कमी आउन नदिनु, भौगोलिक विकटताले बाहिरी संसारबाट अलग र औद्योगिक विकासबाट असंलग्न भएर पनि समृद्धिको सपना देख्न छाडेका छैनन् । केन्द्रले गरेको उपेक्षा, विकासको अभाव, गरिबी र अशिक्षाले थलिएर सम्पूर्ण सूचकाङ्कहरू नकारात्मक भए पनि असन्तोषको रापमा पिल्सिएको छैन । दुखका भुमरीमा पनि प्रेम जगाउन सक्नु, अभावका बिचमा पनि समृद्धिको सपना सजाउन सक्नु र सम्पूर्ण नैराश्यमा पनि सन्तोषको सास फेर्न सक्नु हुम्लाबासीको महानता हो । दुखका बलैँसीमा दिउल फुटाएको प्रेम, समृद्धि र सन्तोषको वृक्षमा लटरम्म फल फलाएर सम्पूर्ण देशलाई नै तृप्त पार्न सक्ने सामर्थ्य हुम्लाबासीमा रहेको ध्वन्यार्थ माथिका कथनबाट ध्वनित भएको छ ।

**साक्ष्य ७**

"म ठिहिऱ्याउने चिसोभित्र तातो जीवन सेकाउँदै हिँडिरहेछु ... । सारा कठोपनले कोमल बनाइरहेछ मलाई । सारा असजिलाहरू उमङ्ग बनेर उठिरहेछन् ।" (पुडासैनी, २०७१, पृ.१९१ )

प्रस्तुत साक्ष्यमा आएका वाक्यले ध्वनिसौन्दर्य निर्माण गरेका छन् । चिसोमा जीवन सेकाउने, कठोरपनले कोमल बनाउने र असजिलोपनले उमङ्ग सृजना गर्ने काम सामान्य अवस्थामा विरूद्ध कर्म हो । विरूद्ध कारणबाट सकारात्मक कार्य हुनु असम्भव भएकाले मुख्यार्थ बाधित भएको छ । लेखकले हुम्ला भ्रमणका क्रममा अनुभव गरेको सकारात्मक उर्जा प्रस्तुत गर्न व्यञ्जनाका तहमा निषेधबाट विधिको परिकल्पना गरिएको छ । हुम्लाको हिउँको ठिहिऱ्याउने चिसोले सेलाएर जमाउनु पर्ने तर लेखकलाई अझ सेकाएर तातोपन दिएको छ । अर्थात् हुम्लाको ठिहिऱ्याउने चिसोमा पनि आत्मीय न्यानोपनको अनुभूतिले यात्रा अविश्रान्त चलिरहेछ । हुम्लाको कष्टकर दिनचर्या, यातायातको असुविधा, दुर्गम गाउँबस्ती, सिधा र सरल मानिस आदि कठोर जीवन निर्वाहका अप्ठ्यारा परिस्थितिले भावुक बनाएर मनलाई कोमल बनाउँछ । गाईवस्तु, भेडाबाखा र खेतबारी सुम्सुम्याउँदै जिन्दगी गुजार्नँ पर्ने, नुन र खाद्यान्नको व्यवस्था गर्न ढाकर बोकेर मात्र जिल्ला छोड्न पाइने, आफ्ना समृद्धिका साधन जल, जमिन र जडीबुटी प्रयोग विहीन भएर आँखा अगाडि खेर गएको टुलुटुलु हेर्नु पर्ने विवशताका कठोर अवस्थाले मन र मुटु पगालेर भावनात्मक रूपमा कोमल बनाएको छ ।

हुम्ला भ्रमण गर्ने सन्दर्भमा स्थानीय जनताले भोगेका असजिला क्षण, झ्याङप्वाले धोती जस्तै अनुहार लिएर दाउरा बोक्ने दाउरे दाइको जीवन भारी जस्तै जतिसुकै बोझिलो भए पनि आदिम दुःखलाई पर्वाह नगरी बाँच्नुपर्ने बाध्यता, बिहानदेखि अन्न नपरेको भोको पेट लिएर रोइरहेको बच्चालाई पिटेर चुप लगाउने आमाको विवशता, हिउँले छेकेका उकाला बाटाहरू आदि असङ्ख्य असजिला क्षणले हतास बनाएका छैनन् । ती असजिला परिस्थिति परिवर्तन गर्न सक्ने सम्भावनाका स्रोत पनि हुम्लामा प्रयोगविहीन भएर असरल्ल छरिएका छन् । छरिएका सौभाग्यका रत्नहरू बटुलेर सदुपयोग गर्ने हो भने सबै असजिलाहरूलाई सजिलामा परिवर्तन गर्न सकिन्छ । हुम्लाले वर्तमानमा भोगेका दुखका चाङभन्दा सम्भावनाका स्रोतहरू असङ्ख्य भएकाले असजिलो पनि उमङ्ग बनेर उठिरहेछ। माथिका भनाइबाट राज्यले व्यवस्थापन गर्न नसकेर हुम्लाबासीले जतिसुकै कष्ट भोगे पनि अब हतास र निराश हुनुपर्ने अवस्था छैन । अजस्र चिसो हिउँले पर्यटक आकर्षित गरेर समृद्धिको न्यानोपन दिन सक्छ,प्राकृतिक सौन्दर्यले कठोरहरूलाई पनि कोमल बनाउन सक्छ, दुखका भुक्तभोगीहरूलाई सुखी जीवन बाँच्न उमङ्ग दिन सक्छ भन्ने ध्वन्यार्थ पनि अभिव्यञ्जित भएको छ ।

**साक्ष्य ८**

"थाक्दै नथाकी सधैँ उज्यालो बोकेर हिँड्ने घामजस्ती छिन् उनी । घोर निराशाका क्षणहरूमा र विपद्को अन्धकारमा गाँजिएको बेला एउटा रश्मि बोकेर उठाउँछिन् मलाई । हरेक काँडाहरूलाई फूलमा रूपान्तरण गर्न सक्ने पारू र तिमीमा केही फरक पाउन सकिनँ मैले हुम्ला ।"(पुडासैनी, २०७१, पृ.१९५ )

प्रस्तुत साक्ष्यमा आफ्नी प्रेमिका वा पत्नीसँग हुम्लालाई तुलना गरेर दिएको अभिव्यक्ति ध्वनि सौन्दर्यका दृष्टिले उत्कृष्ट छ । हुम्लालाई मायालु भनेर सम्बोधन गर्नुपर्ने कारणलाई अप्रत्यक्षरूपमा खोतलेर जीवनका सुखदुःखमा साथ दिने श्रीमतीजस्तै अन्धकारमा किरण र दुःखमा सुखको अनुभूति गराउने हुम्ला सबैका लागि प्यारो छ भन्ने भाव ध्वनित भएको छ। कहिल्यै नथाकी उज्यालो बोकेर हिड्ने सूर्यजस्तै मेरी उनीझैँ हुम्ला पनि विश्राम नगरी अनवरतरूपमा घाम जसरी घुमिरहेको छ । भ्रमणका क्रममा निराशाले घेरेका बेला र विपत्मा अलमलिएका बेला सूर्यका किरण जसरी प्रकाश दिने हुम्ला

काँडामा फूल फुलाउन सक्छ ।

माथिका वाक्यमा प्रेमिकाको प्रशंसामा आएका घामजस्तै उज्यालो बोकेर हिड्ने कार्य वाच्यार्थका तहमा बाधित भएको छ । घाम आफैँमा प्रकाशको पुञ्ज हो, घामले अलग्गै उज्यालो बोकेर हिँड्नुपर्दैन । प्रेमिकाले पनि उज्यालो बोकेर हिँड्ने क्रिया अभिधेय तहमा सङ्गतिपूर्ण छैन । घोर निराशाका क्षणमा र विपद्का अन्धकारमा रश्मि बाकेर उठाउने कार्य पनि अभिधेयार्थमा बाधित भएको छ । हरेक काँडालाई फूलमा रूपान्तरण गर्न व्यावहारिक रूपमा सम्भव छैन । हुम्लालाई पारूसँग तुलना गरेर मानवीकरण गरिएको छ । यसबाट हुम्ला थकित नभई अरूलाई निरन्तर सेवा गर्छ । हुम्लाबासीलाई निरन्तर सम्भावनाको उज्यालो देखाउँछ । जीवनबाट हरेस खाएर निराश भएका समयमा उज्यालो रश्मिसहित अन्धकारबाट उडाएर गन्तव्यका लागि मार्ग प्रशस्त गर्छ । हुम्लाका विकट रूखा पाखामा पनि हराभरा बनाउन सक्छ भन्ने ध्वनि अभिव्यञ्जित भएको छ । हुम्लाको भ्रमणले जीवनलाई एक प्रकारको आलोक प्रदान गर्छ । विपत् र निराशामा पनि हार नखाई अगाडि बढ्न प्रेरणा दिन्छ । जतिसुकै अप्ठ्यारा काँडाजस्ता क्षणलाई पनि कोमल फूल जसरी स्वीकार गर्न हौसला दिन्छ भन्ने व्यङ्ग्यार्थ प्रकट भएको छ ।

## निष्कर्ष

साहित्यलाई प्रस्तुतिका कोणबाट प्रभावकारी बनाउन साहित्यकारले विभिन्न तरिका अवलम्बन गर्छ । पूर्वीय काव्यपरम्परामा भाव प्रकटीकरणको सबभन्दा प्रभावकारी माध्यम ध्वन्यात्मक अभिव्यक्ति हो । दामोदर पुडासैनी किशोरले पनि प्रस्तुत विवेच्य मायालु हुम्ला नियात्रामा विषयवस्तुको प्रस्तुतिका लागि ध्वनिको सहायता लिएका छन् । मायालु हुम्ला घुमाउरो पाराले हुम्लाको महिमा गान गर्न सफल भएको छ । राज्यको केन्द्रबाट उपेक्षित र अपहेलित हुम्ला राज्यले नचिनेको हिरा हो भन्ने सन्देश प्रवाह गर्न ध्वनितत्त्वको सहयोग लिएका छन् । हुम्ला भ्रमणको सामान्य विषयवस्तुलाई आफ्ना अनुभूतिसँग मिसाएर कलात्मक प्रस्तुति दिन ध्वनिले सकारात्मक सहयोग गरेको छ । नियात्राकार पुडासैनीको कलात्मक रूपमा विषयवस्तुलाई प्रस्तुत गर्ने कला र विचारको गहनताको मूल आधार ध्वन्यात्मकता हो । कुनै विषयलाई सिधा र सरलरूपमा प्रस्तुत नगरी प्रतीकात्मक पद्धतिको प्रयोगले प्रस्तुत नियात्रा आस्वाद्य र मार्मिक बनेको छ । यात्राको सरसर्ती वर्णन र आफूले भोगेका असजिलोपनका पट्यार लाग्दा गुनासाभन्दा हुम्लेली सकसपूर्ण जनजीवनको वस्तुस्थिति, हिमाली भौगोलिक विकटता, उपयोग र उपभोग गर्न नसकिएको प्राकृतिक सम्पदा, गरिबी र भोकमरी आदि विषयलाई सुरूचिपूर्ण र कोमल कवितात्मक भाषाका माध्यमबाट प्रस्तुत भएको छ । केन्द्रको वक्रदृष्टिमा परेको हुम्लालाई अरूले पनि दुर्गम, विकट, अशिक्षित, अभावग्रस्त भूभागका रूपमा हेर्ने दृष्टिकोणलाई आमूल परिवर्तन गर्न लेखकको ध्वन्यात्मक अभिव्यक्ति कलाचातुर्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । हुम्लाभित्रका सम्पन्नताको आधार र सम्भावनालाई खोतलेर अब केन्द्रले अपमान र उपेक्षा होइन खेर गइरहेका स्रोत र साधनको पूर्ण सदुपयोग गर्ने वातावरण तयार गरी त्यहाँको गरिबी अन्त्य गर्ने बाटो खोज्न सुझाब दिएको छ । कोमल हृदयी भावुक लेखकका आँखाबाट हिमशिखरहरूको सान्निध्यमा अवस्थित दीर्घ तपस्वी जस्तो हुम्लाको अवलोकनबाट जागरित हार्दिक भावना र आत्मीयताको सम्मिश्रणबाट मूल्याङ्कन गर्दा उपेक्षित भएर पनि देशप्रति निरन्तर सकारात्मक भावना राख्ने हुम्लाबासीहरू यथार्थमा मायालु छन् भन्ने ध्वनि अभिव्यञ्जित गरेको छ ।

## सन्दर्भ सामग्रीसूची


आनन्दवर्धन (सन् १९९७). ध्वन्यालोक. वाराणसी : चौखम्बा विद्याभवन ।

उपाध्याय, केशवप्रसाद (२०५९). साहित्य प्रकाश. ललितपुर : साझा प्रकाशन ।

---. (२०६१). पूर्वीय साहित्य सिद्धान्त. ललितपुर : साझा प्रकाशन ।

गड्तौला, नारायण (२०७१).रस र ध्वनिसिद्धान्त. काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा. लि. ।

ढकाल, रजनी (२०७८).आधुनिक नेपाली निबन्ध यात्रासाहित्य र अन्य साहित्य. काठमाडौँ : साझा प्रकाशन ।

नेपाल, शैलेन्दुप्रकाश (२०६८).माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्त्विक अध्ययन. काठमाडौँ : युनिक एजुकेसन पब्लिसर्स प्रा. लि.।

पुडासैनी, दामोदर (२०७१). मायालु हुम्ला. काठमाडौँ : तन्नेरी प्रकाशन ।

पोखेल, भानुभक्त (२०४०).सिद्धान्त र साहित्य. विराटनगर : श्यामपुस्तक भण्डार ।

बराल, ईश्वर, प्रधान,कृष्णचन्द्रसिंह,लोहनी, श्रीधर,रेग्मी, जगदीशचन्द्र, शर्मा, जनकलाल, जोशी, कुमारबहादुर, पोखरेल, माधव (२०५५).नेपाली साहित्यकोश. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गोविन्दप्रसाद (२०७७ ). पूर्वीय काव्यसिद्धान्त. (तेस्रो संस्करण) काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।